# एसएलसी परीक्षा
# विशिष्टीकरण तालिका, २०६५
# अनिवार्य सामाजिक अध्ययन

**परिचय**

एसएलसी परीक्षामा कक्षा ९ र १० को पाठ्यक्रमबाट प्रश्न निर्माण गरी विद्यार्थीहरूको शैक्षिक उपलब्धि मूल्याङ्कन हुँदै आएकामा २०६३ सालदेखिको एसएलसी परीक्षा कक्षा १० को पाठ्यक्रमबाट मात्र प्रश्न निर्माण गरी विद्यार्थीहरूको शैक्षिक उपलब्धि मूल्याङ्कन गरिने व्यवस्था भएको थियो । उक्त प्रावधानलाई हृदयङ्गम गरी कक्षा ९ र १० को मौजुदा संयुक्त पाठ्यक्रमलाई समायोजन गरी परिमार्जित माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ स्वीकृतसमेत भइसकेकाले उक्त पाठ्यक्रमअनुसार सामाजिक अध्ययन विषयको सैद्धान्तिक र प्रयोगात्मक प्रश्न निर्माणका लागि विशिष्टीकरण तालिका, नमुना प्रश्न (model question) र उत्तर कुञ्जिका (marking scheme) तयार गरिएको छ ।

विद्यार्थीहरूले आर्जन गरेका ज्ञान, सीप र अभिवृत्ति परीक्षण गर्नका लागि मूल्याङ्कन प्रणालीको प्रभावकारिता वृद्धि गर्नुपर्ने हुन्छ । यसै तथ्यलाई आत्मसात् गरी पाठ्यक्रम विकास केन्द्रले सामाजिक अध्ययन विषयको विशिष्टीकरण तालिकालाई परिमार्जन गर्ने कार्य गरेको हो । बेन्जामिन एस् ब्लुमको मूल्याङ्कनसम्बन्धी तालिका एवम् सामाजिक अध्ययनको अवधारणानुसार ज्ञान र बोध, प्रयोगात्मक तथा खोजमूलक सीप, समालोचनात्मक चिन्तन तथा सिर्जनात्मक सीप र अभिवृत्ति तथा मूल्य पक्षहरू समेटी यो तालिका तयार गरिएको छ । विद्यार्थीले प्राप्त गरेका ज्ञान, सीप र अभिवृत्तिको मूल्याङ्कनको आधारका रूपमा लामो उत्तर आउने प्रश्न, छोटो उत्तर आउने प्रश्न र अति छोटो उत्तर आउने प्रश्नहरूद्वारा लेखाजोखा गर्न कुनकुन पक्षहरूमा केकति प्रश्नहरू निर्माण गर्ने भन्ने सम्बन्धमा स्पष्ट पार्न यो विशिष्टीकरण तालिका बनाइएको हो।

१. **ज्ञान तथा बोध**

ज्ञान भन्नाले शिक्षक वा किताब वा अन्य स्रोतबाट जस्ताको तस्तै ग्रहण गर्ने तथा सामान्य जानकारी वा संस्मरणसम्बन्धी जानकारीलाई बुझाउँछ । यसमा बुझ्ने, सम्झने, चिन्ने जस्ता क्रियापदहरू प्रयोग गरिन्छन् । बोध (Comprehension) भन्नाले कुनै पनि कुरा देखेर, सुनेर छलफल र चिन्तन गरेर ज्ञान सीप ग्रहण गरी व्यक्तिको अन्तर्निहित विचारसहित अभिव्यक्त गर्ने कार्यलाई बुझाउँछ । यसमा अनुवाद गर्ने, व्याख्या गर्ने, पुनर्गठन गर्ने जस्ता क्रियापदहरू प्रयोग गरिन्छन् ।

२. **प्रयोगात्मक तथा खोजमूलक सीप**

विषयको प्रकृति र स्वरूपबमोजिम यसमा विशेषत: नक्सा कोर्ने, भौगोलिक तथ्यहरू भर्ने कार्यलगायतका नक्सा, ग्राफ, तालिका, चार्ट आदि पढ्ने र व्याख्या गर्ने तरिकासम्बन्धी सीपहरू पर्दछन् । सामाजिक अध्ययन व्यवस्थित रूपले अध्ययन गर्न चाहिने खोजमूलक आदत/सीपहरू जस्तै; तथ्य तथ्याङ्कहरूको खोजी र व्याख्या गर्ने, सङ्कलन गर्ने, प्रश्नावली निर्माण र अन्तर्वार्ता लिने तथा प्रतिवेदन लेख्ने तरिका आदि पक्षहरू समेटिन्छन् । साथै यस क्षेत्रअन्तर्गत विद्यार्थीहरूले सिकेका सीपहरू व्यवहारमा प्रयोग गरे गरेनन् भन्ने कुराको पनि मूल्याङ्कन गरिन्छ ।

३. **समालोचनात्मक चिन्तन र सिर्जनात्मक सीप**

वास्तवमा सामाजिक अध्ययन विषयको प्रमुख ध्येय नै विद्यार्थीहरूमा समालोचनात्मक चिन्तन र सिर्जनात्मक सीप विकास गर्नु हो । सामाजिक अध्ययन विषयको समष्टिगत अध्ययन क्षेत्र नै

सामाजिक समस्याहरू, मुद्दाहरू, विवादहरू समाधान गर्नेतर्फ उन्मुख हुनुपर्छ । विद्यार्थीहरूका स्तर, क्षमता आदिलाई ध्यानमा राखी उनीहरूमा निम्नानुसारका सीपहरू विकास गर्न र लेखाजोखा गर्ने प्रयास हुन जरुरी हुन्छ :

- मुख्यमुख्य समस्याहरू पहिचान गर्ने,
- परिणाम लेखाजोखा गर्ने,
- कारण र समाधानका उपायहरू खोजी गर्ने,
- सतर्कतापूर्वक निष्कर्ष निकाल्ने ।

**४. अभिवृत्ति**

सामाजिक व्यवहारप्रतिको अभिवृत्तिलाई धेरै प्रकारमा समूहीकृत गर्न सकिन्छ तापनि सामाजिक अध्ययनमा निर्धारण भएका उद्देश्यहरूका आधारमा वाञ्छित सामाजिक व्यवहारप्रतिको विद्यार्थी अभिवृत्तिलाई न्यूनतम रूपले भए पनि विभिन्न प्रकारमा विभाजन गरी लेखाजोखा गर्नु उपयोगी हुन्छ । यसअन्तर्गत विशेषत: सामाजिक समस्याहरू एवम् सामाजिक देनहरूलाई विद्यार्थीहरूले आत्मसात गरी व्यवहारमा लागू गरे नगरेको लेखाजोखा गर्नुपर्छ । किनकि सम्भाव्य सङ्कटमा पर्नुअघि नै सहसुरक्षा एवम् कल्याणका लागि मेलमिलापद्वारा समस्याहरूसँग सामनाा गर्ने, व्यक्ति, समाज र राष्ट्रको सहअस्तित्वका लागि अपरिहार्य भएकाले माथिका गुण विकासको स्थिति पहिल्याउन आवश्यक भएको हो ।

**५. मूल्यहरू**

यहाँ मूल्यहरू भन्नाले सामाजिक, सांस्कृतिक लोकतान्त्रिक, गणतान्त्रिकजस्ता मूल्यहरूलाई औँल्याउन खोजिएको छ । यस्ता मूल्यहरू विविध हुन्छन् जसमा समानता, भातृत्वपन, धार्मिक सहिष्णुता, सामूहिक जीवनप्रतिको मान्यताका साथै मानव जीवनका विविध पक्षका मान्यताहरूलाई उदाहरण स्वरूप लिन सकिन्छ । यस्ता मूल्यहरूको मान्यता र धारणाको स्थिति विद्यार्थीहरूमा केकस्तो विकास भएको छ, पहिल्याउन आवश्यक हुन्छ ।

विशिष्टीकरण तालिकाले प्रश्न निर्माणकर्ता, परिमार्जनकर्ता एवम् शिक्षकलाई प्रश्नहरू निर्माण गर्न, परीक्षण कुञ्जिका बनाउन, उत्तरपुस्तिका परीक्षण गर्न, प्रश्नहरूमा विश्वसनीयता ल्याउन र वैधता प्रदान गर्न सहयोग पुर्‍याउँछ । त्यसैले सामाजिक अध्ययन विषयका लागि प्रस्तुत विशिष्टीकरण तालिका लयार गरिएको हो ।

**टेबुल १ पेज**

# नमुना प्रश्न

समय : तीन घण्टा

पूर्णाङ्क : १००

उत्तीर्णाङ्क :३२

समूह "क" (Group-A)

धेरै छोटो उत्तर आउने प्रश्न (Very short answer questions) (८ x १ = ८)

प्र.नं.१. सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने शुक्लाफाँट वन्यजन्तु आरक्ष केन्द्र र खप्तड राष्ट्रिय निकुञ्ज पर्यटकहरूका लागि आकर्षक स्थल भए पनि पर्यटक आगमन सङ्ख्या भने कम छ । पर्यटक सङ्ख्या बढाउन के गर्नु पर्ला ? कुनै एक सुझाव दिनुहोस् ।
(Although the Sukla Fanta Wildlife Reserves and the Khaptad National Park located in the far-western development region are the most fascinating spots for tourists, the flow of tourists in these places is very low. What measures should be taken to increase the number of tourists ? Give any one suggestion. )

प्र.नं.२. तपाईंको एकजना साथी लागू पदार्थ दुर्व्यसनमा लागेको छ । उसलाई त्यसबाट छुटाउन साथीको नाताले तपाईंको कर्तव्य हो । साथीलाई कुलतबाट छुटाउन के उपाय गर्नुहुन्छ ? दुईओटा उपाय लेख्नुहोस् ।
(Suppose one of your friends is adicted in drug abuse. What is your duty to make him get rid of it ? Give any two measures to prevent him from drug abuse.)

प्र.नं.३. हाम्रो देशमा मतपत्र धेरै बदर हुन्छन् । यसलाई रोक्न के गर्नुपर्ला ? कुनै एक सुझाव दिनुहोस् ।
(A substantial number of ballot papers become invalid in our country. What should be done to check it. Write one suggestion. )

प्र.नं.४. उचाइलाई किन हावापानीमा प्रभाव पार्ने तत्त्व मानिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।
(Why is altitude taken as one of the influencing factors in determining climate? Write in a sentence.)

प्र.नं.५. उत्तर अमेरिका महाद्वीपले आर्थिक तथा प्राविधिक क्षेत्रमा ठूलो उन्नति गरेको छ । त्यसबाट नेपालले पनि फाइदा लिँदै आएको छ तर सधैँ अरू विकसित मुलुकप्रति निर्भर रहनुभन्दा आफैँ आत्मनिर्भर बन्नुपर्दछ । यसका लागि नेपालले के गर्नुपर्दछ ? कुनै एउटा सुझाव प्रस्तुत गर्नुहोस् ।
(North America has made a great achievement in economic and technical sector. Nepal has also got benefits from it. But instead of being dependent on developed countries, we should be self - reliant. What should we do for this? Give one suggestion.)

प्र.नं.६. नक्सामा तलको तथ्यलाई कस्तो सङ्केतद्वारा देखाइन्छ ?
(क) ताल (ख) टाकुरा
[Which index (symbols) are used to denote the following facts in the map.
(a) Lake (b) Peak

प्र.नं.७. २०३६ सालको जनमत सङ्ग्रह घोषणाको मुख्य कारण के थियो ?
(What was the main reason to declare the referendum of 2036?)

प्र.नं.८ २०१७ साल पुष १ गते राजा महेन्द्रले प्रजातन्त्रको अपहरण गरे । यदि तपाईंलाई उक्त कदममा साथ दिन आदेश दिएको भए तपाईं के गर्नुहुन्थ्यो ? किन ? एक वाक्यमा लेख्नुहोस् ।
(Late King Mahendra abducted democracy on Paush 1, 2017 BS. How would you have responded if you were asked to support his step ? Why ? Write in a sentence.

समूह "ख" (Group-B)
छोटो उत्तर आउने प्रश्न (Short answer questions) (१४ x ४ = ५६)

प्र.नं.९. पूर्वाञ्चल विकास क्षेत्रका सबै भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी कुनै चार आर्थिक क्रियाकलापहरू उल्लेख गर्नुहोस् ।
(Mention any four economic activities respresenting all geographical areas of eastern development region.)

प्र.नं.१०. जुम्लाकी एकजना विद्यार्थी आफ्नो विकास क्षेत्रलाई यसरी बयान गर्छिन् :
"सडकदेखि धेरै दिन हिँडेपछि मात्र उत्तरी खण्डको विकट गाउँहरूमा पुगिन्छ । हालसालै जुम्लासम्म सडक पुगेकाले केही राहत मिलेको छ ।" सडक पुगेका कारणले त्यस क्षेत्रका जनताले प्राप्त गर्न सक्ने कुनै तीन फाइदाहरूको वर्णन गर्दै ती विद्यार्थीका नाममा एकपत्र लेख्नुहोस् ।
(A student of Jumla describes her development region as below :
"After a very long walk of many days from the road, one can reach the remote villages of the northen part. The local people have felt some relief after they have got transportation facility up to Jumla." Write a letter to the student mentioning any three benefits the people of Jumla have got now.)

प्र.नं.११.दक्ष जनशक्ति भनेको के हो ? तलको चित्रले कस्तो दक्ष जनशक्तिलाई बुझाउँछ ? अल्पकालीन दक्ष जनशक्ति र दीर्घकालीन दक्ष जनशक्तिबीच दुईओटा बुँदामा फरक देखाउनुहोस् । (What is skilled human resouece ? What kind of skill human resouece does the following picture reveal ? Differentiate between short term human resouece and long term human resouece in two points.)



प्र.नं.१२. महिला र विकास भन्ने पाठको अध्ययन पश्चात भीमरत्न र शशीकलाले आफ्नो समुदायको महिलाहरूको अध्ययन सम्पन्न गरे । उनीहरूले गरेको सर्वेक्षणबाट निम्नलिखित नतिजा प्राप्त भयो :

| | |
|---|---|
| क्याम्पस तथा महाविद्यालय गएका महिला | ४३ जना |
| प्रौढ शिक्षा हासिल गरेका महिला | २१ जना |
| विभिन्न तालिम हासिल गरेका महिला | ३० जना |
| समाचारपत्र पढ्ने महिलाहरू | ५४ जना |

माथि दिइएको तथ्याङ्कलाई स्तम्भचित्रमा प्रस्तुत गर्नुहोस् ।

(After studying the lesson "Woman and Development". Bhimratna and Shashikala made a research on woman development in their community. Their research got the following findings:

| | |
|---|---|
| Women attending campus and university | - 43 person |
| Women attending adult education | - 21 person |
| Women attending various trainings | - 30 person |
| Women reading newspaper | - 54 person |

Show the given data in a bar diagram.)

प्र.नं.१३. सेप्टेम्बर ८ को दिन शिक्षा दिवस पर्दछ । उक्त दिवस तपाईंको विद्यालयमा मनाउनका लागि त्यसको व्यवस्थापन र सञ्चालनको जिम्मा तपाईंलाई दिइएको छ । त्यस दिन के कार्यक्रम गर्नुहुन्छ र त्यसको व्यवस्थापन र सञ्चालन कसरी गर्नुहुन्छ ? बुँदागत रूपमा लेख्नुहोस् ।

(Education Day is on the 8th of September. Suppose you have been given the responsibility to manage and conduct the programme. What would be your programme and how would you manage and conduct it ?)

प्र.नं.१४. लोकगीतले कुनै ठाउँ विशेषको संस्कृति, सामाजिक मूल्य र मान्यतालाई झल्काउँछ । यसले मानिसका जीवनशैलीलाई समेत प्रतिनिधित्व गरेको देखिन्छ । तपाईंको समुदायमा कुनै चाडपर्व, मेलापर्व, धार्मिक उत्सव, मेलापात आदिमा गाइने कुनै एउटा लोकगीतको नमुना लेख्नुहोस् । उक्त लोकगीतको संरक्षणका निम्ति अपनाउन सक्ने तपाईंको भूमिका लेख्नुहोस् ।

(Folk song highlights culture, social norms and values of a specific place. It also represents way of life of people. Write a model of a folk song that is sung in festival, religions functions and local fairs in your community. Write one of the roles to preserve folk songs.)

प्र.नं.१५. तपाईंको समुदायमा रहेका दुईओटा सामाजिक समस्याहरू लेखी कुनै एक समस्यालाई समाधान गर्न तपाईंको भूमिका के हुन सक्छ ? सङ्क्षेपमा लेख्नुहोस् ।

(Mention any two social problems of your community. What could be your role to solve any one of the problems ? Write in brief.)

प्र.नं.१६. नेपालमा रेडक्रसको स्थापना र यसले पुऱ्याएको योगदानका बारेमा चर्चा गर्नुहोस् ।

(Explain the establishment of Nepal Red Cross Society and its contributions.)

प्र.नं.१७. यदि तपाईंलाई नेपालको सीमा सुरक्षासम्बन्धी अनुगमन टोलीको संयोजक बनाइयो भने सीमा सुरक्षा एवम् अतिक्रमणबाट बचाउन केकस्ता कदम चाल्नुहुन्छ ? कुनै चार कार्यहरूसहितको योजना बनाउनुहोस् ।

(What kind of steps would you take to stop boarder encroachment and ensure its security if you were made the co-ordinator of the Boarder Security Monitoring Group? Draft a plan with any four functions.)

प्र.नं.१८. भूमध्यरेखीय प्रदेशको हावापानी र भूमध्यसागरीय प्रदेशको हावापानीबीच चार बुँदामा फरक देखाउनुहोस् ।

(Mention any four differences between the equatorial climate and the Mediterranean climate.)

प्र.नं.१९.तलका घटनाहरूलाई समयरेखामा देखाउनुहोस् :

(क) वि. सं. २०४६ : प्रथम जनआन्दोलन

(ख) वि. सं. २०५९ : संसदीय व्यवस्थामाथि अतिक्रमण

(ग) वि. सं. २०६३ : दोस्रो जनआन्दोलन सम्पन्न

(घ) वि. सं. २०६५ : गणतन्त्रको कार्यान्वयन

(Show the following historical events in time-line:

a. B.S. 2046 : First Mass Movement

b. B.S. 2049 : Encroachment upon the parliamentary system

c. B.S. 2063 : Second Mass Movement

d. B.S. 2065 : Implementation of Republic system)

प्र.नं.२०. दिइएको चित्र अध्ययन गरी तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(Answer the following questions on the basis of picture given below:)



(क) राफ्टिङ कस्ता नदीहरूमा गर्न सकिन्छ ?

(What type of rivers are suitable for rafting?

(ख) यस्ता क्रियाकलापले जीविकोपार्जनमा कसरी मदत पुग्ला ?

(How do such activities help for livelihood?)

प्र.नं.२१. संयुक्त राष्ट्रसङ्घका अङ्गहरूको नाम लेखी कुनै एकको वर्णन गर्नुहोस् ।

(Name the organs of the United Nation Organization and describe any one of them.)

प्र.नं.२२.संयुक्त राष्ट्रसङ्घका महासचिववसँग विश्वको समसामयिक समस्या सम्बन्धमा सोध्न सकिने चारओटा नमुना प्रश्नहरू बनाउनुहोस् ।

(Prepare any four model questions which can be asked to the Secretary General of UN regarding the current affairs.)

समूह "ग" (Group-C)

लामो उत्तर आउने प्रश्न (Long answer questions) (४ x ९ = ३६)

प्र.नं २३.हाम्रा राष्ट्रिय सरोकारका मुख्य विषयहरू केके हुन् ? कुनै तीनओटा राष्ट्रिय सरोकारका विषय लेखी वर्णन गर्नुहोस् । (३ x ३ = ९)

(What are our major national concerns ? Explain any three of them in detail.)

प्र.नं.२४.नेपालको नक्सा बनाई उपयुक्त चिह्न र सङ्केतको प्रयोग गरी त्यसमा निम्नलिखित तथ्यहरू भर्नुहोस् : (३+६=९)

अपि हिमाल, बन्दिपुर, स्वर्गद्वारी, वनेपा- वर्दिवास राजमार्ग (वि.पी. राजमार्ग), कफी उत्पादन हुने क्षेत्र, कन्काई नदी ।

(Insert the following items by drawing an outline map of Nepal:

Api Himal, Bandipur, Swargadwari, Banepa-Bardibas Road (BP Road), Coffee Producing Area, Kankai River

अथवा/ OR

दिइएको अफ्रिका महाद्विपको नक्सामा निम्नलिखित तथ्यहरू भर्नुहोस् :      (१ x ९=९)
नाइजर नदी, केप टाउन, मदागास्कर टापु, भूमध्यरेखा, लालसागर, भिक्टोरिया ताल, एटलस पर्वत, भूमध्यसागर, कालाहारी मरुभूमि ।
Insert the following items in the given map of Africa.
Niger River, Cape Town, Madagaskar Island, Equator, Red Sea, Victoria Lake, Mt. Atlas, Mediterranean Sea, Kalahari Desert.)

प्र.नं.२५. प्रथम विश्व युद्धको चार कारण तथा चार परिणाम उल्लेख गर्दै संवाद तयार गर्नुहोस् ।
(Draft a dialogue including four causes and four effects of World War I.)

अथवा/ OR

तपाईंले कुनै धार्मिक वा ऐतिहासिक वा अन्य कुनै स्थलको भ्रमण गर्नुभएको होला उक्त भ्रमणको उद्देश्य र पत्ता लगाइएका कुराहरू केके थिए ? लेख्नुहोस् ।
(You might have made a visit over a religious or historical or any of the geographical site. What were the objectives and findings of your visit. Write in brief.)

प्र.नं.२६.पर्यटन उद्योगबाट समाजमा परेको सकारात्मक र नकारात्मक असरबारे पाँचपाँचओटा बुँदाहरू लेखी त्यसमध्ये कुनै दुईदुईओटाको वर्णन गर्नुहोस् ।      (२.५+२.५+२+२ = ९)
(Mention five points each on the positive and negative effects of tourism industry in our society and describe any two of them.)

## उत्तरपुस्तिका परीक्षण कुञ्जिका

### धेरै छोटो उत्तर आउने

१. प्रचारप्रसार गर्ने, सुविधासम्पन्न होटलका  व्यवस्था गर्ने, सडक यातायातको विकास गर्ने, आदि कुनै एक सुभाव लेखेमा – १ अङ्क

२. पुन:स्थापना केन्द्रमा लैजाने, कुलतमा लागेको साथीहरूको सङ्गत छाड्न लगाउने, मनोरञ्जनात्मक तथा सिर्जनात्मक कार्यमा सरिक गराउने आदिमध्ये कुनै दुईओटा लेखेमा - ०.५ x२ =१ अङ्क

३. मेसिनको प्रयोग गर्ने, चुनाव चिह्न ठूलो बनाउने, कोठा फराकिलो बनाउने, मतदाता शिक्षाको व्यवस्था गर्ने आदि मध्ये कुनै एक लेखेमा - १ अङ्क

४. प्रत्येक १६०-१६५ मिटर उचाइमा १ सेल्सियस तापक्रम कम हुने भएकाले भन्ने कारण उल्लेख गरेमा - १ अङ्क

५. कृषिलाई आधुनिकीरण गर्ने, उद्योगधन्दाको विकास गर्ने, शिक्षालाई रोजगारमूलक बनाउने आदि मध्ये कुनै एक सुझाव लेखेमा - १ अङ्क

६. (क)  ताल - ०.५ अङ्क

(ख)  टाकुरा - ०.५ अङ्क

७. जनमत सङ्ग्रह घोषणा २०३६ को मुख्य कारण पञ्चायत व्यवस्था विरुद्धमा भएको विद्यार्थी आन्दोलन लेखेमा - १ अङ्क

८. "उक्त समयमा राजा महेन्द्रलाई म साथ दिने थिइन बरु उनलाई सम्झाउने थिएँ कि देशका जनताको अधिकार खोस्नुभन्दा तपाईं सम्मानित भएर बस्नुहोस्" वा " म साथ दिने थिएँ किनिकि यदि नेता र जनताले प्रजातन्त्रलाई जोगाउन सकेनन् भने यस्तै तानाशाह जन्म हुन्छ ।" जस्तो तार्किक उत्तर दिएमा पनि - १ अङ्क

### छोटो उत्तर आउने

९. पूर्वाञ्चल विकास क्षेत्रमा भौगोलिक स्वरूपअनुसार हुने कुनै चार आर्थिक क्रियाकलापहरू लेखेमा प्रत्येकको - १ अङ्क

जस्तै :

तराई : नगदेवाली चिया, जुट, उखु, सुर्ती, फलफूल आदि उत्पादनद्वारा आय आर्जन कृषिजन्य उद्योगहरू सञ्चालन

भित्रीमधेश : खाद्यबाली उत्पादन कार्यमा संलग्न

पहाडी प्रदेश : चिया, अलैंची, फलफुल खेती र कृषि तथा पशुपालन व्यवसाय सञ्चालन

हिमाली प्रदेश : पर्यटन व्यवसाय, पर्वतारोहरण पदयात्रा आदि व्यवसाय सञ्चालन ।

१०. चिठीको ढाँचा (सम्बोधन, प्रस्तुति र टुङ्याएको) एक अङ्क कुनै तीन फाइदाहरू लेखेमा प्रत्येकको एक अङ्कका दरले ३ अङ्क दिने ।

कर्णाली क्षेत्रका जनताले पाउने फाइदाहरू जस्तै :

- जुम्लाको स्याउलाई सस्तोमा बजार पुऱ्याएर आयआर्जन गर्न सकिने
- सस्तो मूल्यमा खाद्यान्न प्राप्त भई अनिकाल कम हुने
- उपभोग्यवस्तुहरू सस्तोमा र समयमा नै पाउन सकिने
- जडिबुटी प्रवर्धनद्वारा आय बढ्ने
- पर्यटन उद्योगको विकास हुने
- निर्माण सामग्री पुऱ्याउन सजिलो हुने हुँदा सडक, पूल, विद्युत्, जस्ता पूर्वाधार निर्माणमा वृद्धि हुने

११. आफ्नो पेसासँग सम्बन्धित ज्ञान, सीप र क्षमतामा निपुणता प्राप्त गरेका व्यक्तिहरूको समूहलाई दक्ष जनशक्ति भनिन्छ । दिइएको चित्रले सूचना तथा सञ्चारसँग सम्बन्धित दक्ष जनशक्तिलाई बुझाउँछ । अल्पकालीन दक्ष जनशक्ति, देशको छोटो अवधिको आवश्यकता पूरा गर्न तयार पारिएको जनशक्ति हो । तत्कालीन आवश्यकता परिपूर्ति भएपछि यो जनशक्तिको औचित्य पनि सकिन्छ तर दीर्घकालीन जनशक्ति देशको लामो समयसम्मको आवश्यकता परिपूर्ति गर्न तयार पारिएको हुन्छ भनी उल्लेख गरेमा वा यस्तै अन्य उपयुक्त उत्तर दिएमा - ४ अङ्क

१२. उपयुक्त स्केल र शीर्षकको १ अङ्क स्तम्भचित्र तयार गरेमा ३ अङ्क - ४ अङ्क

१३. विद्यालयमा मनाउने कार्यक्रम

- वक्तृत्वकला, प्रतियोगिता आदि कार्यक्रम बनाएमा - १ अङ्क

व्यवस्थापन र सञ्चालन उल्लेख गरेमा - ३ अङ्क

जस्तै : साथीहरूबीचमा कामको बाँडफाँड गर्ने

- कार्यक्रम सञ्चालनमा उद्घोषण गर्ने
- अतिथिहरूलाई आसन ग्रहन गराउने
- अतिथिहरूलाई मन्तव्य भन्न लगाउने
- बनाइएको कार्यक्रमअनुसारका अन्य कार्यक्रम सञ्चालन गर्ने
- पुरस्कार वितरण गर्ने आदि

१४. कुनै एक लोकगीत लेखेमा - २ अङ्क

जस्तै : आमा लिन पठाउँछिन बाबा लिन पठाउँछन्
मलाई लिन भरे दाज्यै आउँछन् बरिलै
मैले खाने दर आमा मिठो गरी पकाउँछिन्
नैर गए आमा कति रोलिन् बरिलै

उक्त लोकगीत संरक्षणमा आफ्नो भूमिका लेखेमा - २ अङ्क

१५. सामाजिक समस्याहरू : भ्रष्टाचार, चेलीबेटी बेचबिखन, लागूपदार्थ दुर्व्यसन, दाइजो प्रथा आदिमध्ये दुईओटा लेखेमा - ०.५x२ =१ अङ्क

उक्त समस्याहरूमध्ये कुनै एक समस्या समाधान गर्ने तीन उपायहरू लेखेमा - ३ अङ्क

जस्तै : भ्रष्टाचारविरुद्ध प्रचारप्रसार गर्ने
भ्रष्टाचारीलाई सामाजिक वहिष्कार गर्ने
भ्रष्टाचारीको पत्ता लागेमा प्रहरीलाई सूचना दिने
विलासी जीवन चरित्र कम गर्ने आदि ।

१६. नेपाल रेडक्रसको स्थापना हुनुको कारण लेखेमा - १ अङ्क
योगदानहरू जस्तै : एम्बुलेन्स सञ्चालन, रक्त बैङ्कको स्थापना, बाढीपहिरो, भूकम्प, आगलागी जस्ता दैवीप्रकोपमा राहत प्रदान गर्ने, प्राथमिक उपचारसम्बन्धी तालिम दिने, घुम्ती स्वास्थ्य शिविर सञ्चालन आदि जस्ता योगदान लेखेमा - ३ अङ्क

१७. यदि म सीमा सुरक्षासम्बन्धी अनुगमन टोलीको संयोजक भएँ भने सीमा रक्षाका निम्ति मेरो योजना यस्तो हुने छ :
- ऐतिहासिक प्रमाणहरू खोजी सीमा नवीकरण गर्ने
- भारत र चीनसँग वार्ता गरी विवाद परेका ठाउँहरूमा समाधान खोज्ने
- सीमाको स्थलगत अध्ययन गरी स्तम्भहरू राख्ने
- सरकारलाई सीमा सुरक्षाको उचित प्रबन्ध मिलाउन सुझावहरू दिने आदि जस्ता चारओटा कार्य लेखेमा - १x४ = ४ अङ्क

१८. भूमध्यरेखीय हावापानी : भूमध्यरेखाको आसपासमा यसको क्षेत्र, मध्याह्न पछि संवाहनिक वर्षा, ओसिलो हावापानी, ऋतुपरिवर्तत नहुने आदि लेखेमा - १ x २ = २ अङ्क
भूमध्यसागरीय हावापानी - गर्मी ऋतु सुख्खा र गर्मी, हिउँद ऋतु ठण्डा र वर्षा, भूमध्य सागर वरिपरि यसको मुख्य क्षेत्र आदि बुँदाको आधारमा फरक देखाएमा - १ x २ = २ अङ्क

१९. समय रेखामा नापका आधारमा वर्षहरू देखाएमा २ अङ्क, शीर्षक र स्केल लेखेमा १ अङ्क र घटना देखाएमा - १ अङ्क

२०. (क) बाह्रै महिना अटुट पानी बग्ने ठूला नदीहरू लेखेमा - १ अङ्क
(ख) रोजगारी सिर्जना हुने, आय आर्जन हुने र जीविकोपार्जनका लागि सहयोग पुग्ने लेखी छोटो वर्णन गरी गरेमा १ अङ्कका दरले - ३ अङ्क

२१. संयुक्त राष्ट्र सङ्घका अङ्गहरूको नाम लेखेमा प्रत्यकका ०.५ का दरले ३ अङ्क र कुनै एकको वर्णन गरेमा - १ अङ्क

२२. संयुक्त राष्ट्र सङ्घका महासचिवलाई विश्वको समसामयिक विषयमा साध्न सकिने ४ ओटा प्रश्न निर्माण गरेमा प्रत्येकको १ अङ्कका दरले - ४ अङ्क

२३. राष्ट्रिय सरोकारका विषयहरू राष्ट्रिय अखण्डता, सीमा सुरक्षा, सार्वभौमिकता, आत्मसम्मान, स्वाभिमान आदिमध्ये कुनै ३ ओटा लेखी वर्णन गरेमा प्रत्येकको ३ अङ्कका दरले
- ३ x ३ = ९ अङ्क

२४. नेपालको नक्सा बनाई उपयुक्त ठाउँहरू देखाएमा - ३ + ६ = ९ अङ्क
अथवा
दिइएको अफ्रिकाको नक्सामा उपयुक्त सङ्केत प्रयोग गरी तथ्यहरू भरेर देखाएमा
- १x९ = ९ अङ्क

२५. संवादको ढाँचाको - १ अङ्क
चारओटा कारणको - ४ अङ्क
चारओटा परिणामको - ४ अङ्क

अथवा

भ्रमणमा पत्ता लगाइएका कुराहरूमध्ये कुनै ४ कुराहरू बुँदागत लेखेमा प्रत्येकको २ अङ्कका दरले - ८ अङ्क

उद्देश्य कम्तीमा दुईओटा लेखेमा - १ अङ्क

२६. **पर्यटन उद्योगका सकारात्मक असरहरू** - २.५ अङ्क

- रोजगारीको सिर्जना
- राजस्वमा वृद्धि
- जीवनस्तरमा सुधार
- स्वेदशी सामग्रीको बिक्री वितरण
- विदेशी मुद्रा आर्जन

कुनै दुईओटा वर्णन गरेमा - २ अङ्क

**यसका नकारात्मक असरहरू** - २.५ अङ्क

- विदेशी संस्कृति भित्रिने (स्थानीय संस्कृतिहरू परिवर्तन र नष्ट हुने)
- वनजङ्गलको विनाश हुने
- प्रदूषण र भूक्षयले सौन्दर्य नष्ट हुने
- इन्धन, अन्न र पानीको कमी हुन जाने
- भिड बढ्ने
- नयाँ भवनहरूले सहर र गाउँको स्वरूप नष्ट हुने ।

कुनै दुईओटा वर्णन गरेमा - २ अङ्क